जि.प्र.का. सप्तरी द.नं. ९१/०४८/०४९

# राजबिराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ७९ २०८२ साल कात्तिक ५ गते बुधबार (22 Oct 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : तिहार र भैलो, सामाजिक... ३ पृष्ठमा : मौन पीडामा मानसिक... ३ पृष्ठमा : गाजा सम्झौता उल्लङ्घन...

# दुईलाख मुल्य बराबरको पटका नष्ट



**दैनिक समाचारदाता राजविराज, ४ कात्तिक ।**

दीपावली तथा छठपर्वका लागि विभिन्न नाकाबाट ल्याइएका ठूलो परिमाणका प्रतिवन्धित पटका सप्तरी प्रहरीले नियन्त्रणमा लिई नष्ट गरेको छ ।

मंगलबार जिल्ला प्रहरी कार्यालय सप्तरी परिसरमा खाल्डो खनी दुईलाख मुल्य बराबरको पटका नष्ट गरेको हो ।

चाडपर्वमा सिमापारी भारतीय बजारबाट विभिन्न व्यक्तिद्वारा केही दिन यता ल्याइएका दुईलाख मुल्य बराबरको पटका नष्ट गरिएको प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

जनप्रतिनिधि तथा सञ्चारकर्मी समेतको रोहबरमा नष्ट गरिएको पटकाहरुमा नागिन, रकेट, आलुबम, चकलेटबम लगायतका पटका रहेको प्रहरीले जनाएको छ ।

राज्यले प्रतिबन्ध गरको पटका नबित्र्याउन र प्रयोग नगर्न पटक पटक सूचना मार्फत अनुरोध गर्दा पनि वेवास्ता गर्दै लुकिछिपी ल्याइएकाले नियन्त्रणमा लिई नष्ट गरिएको प्रहरी उपरीक्षक गौतमकुमार केसीको भनाई छ ।

उनले जथाभावी पडकाउने यस्ता पटकाकाका कारण प्रत्येक वर्ष आगलागीको घटना भई ठूलो क्षति हुने गरेकाले यसको नियन्त्रको लागि पनि पटका ल्याउनमा कडाइ गरिएको बताए ।

# लागुऔषधसहित तीन जना पक्राउ

**दैनिक समाचारदाता सिरहा, ४ कात्तिक ।**

बरियारपट्टि गाउँपालिका-३ दक्षिणी सीमावर्ती क्षेत्रबाट प्रतिबन्धित लागुऔषधसहित तीन जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार, चाडपर्व लक्षित सुरक्षा गस्तीमा खटिएको प्रहरीले भारतको लदनियाँ बजार हुँदै नेपाल प्रवेश गरेका तीन जनाका साथबाट विभिन्न प्रकारका १८ एम्पुल बरामद गरिएको हो ।

पक्राउ पर्नेमा सुखीपुर नगरपालिका-१० का २१ वर्षीय सङ्गीतकुमार सदाय र सोही ठाउँका २० वर्षीय रिभन शर्मा तथा सुखीपुर-६ का १९ वर्षीय सरोजकुमार राम रहेका छन् । पक्राउ परेकाहरूमाथि लागुऔषधसम्बन्धी मुद्दामा अनुसन्धान अघि बढाइएको प्रहरी नायब उपरीक्षक पालले जानकारी दिए ।

# निर्वाचनका लागि राजनीतिक वातावरण बनाउन सरकार र दलका नेताबीच छलफल

काठमाडौं, ४ कात्तिक (रासस)।

प्रधानमन्त्री सुशीला कार्कीले आगामी फागुन २१ गतेका लागि तय गरिएको प्रतिनिधिसभाको निर्वाचनको राजनीतिक वातावरण बनाउन विघटित संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेताहरूसँग छलफल गर्नुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा अहिले सुरु भएको छलफलमा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू सहभागी रहनुभएको उहाँका प्रेससंयोजक रामबहादुर रावलले जानकारी दिनुभयो । संवादमा सरकारका तर्फबाट प्रधानमन्त्री कार्की, अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ, गृहमन्त्री ओमप्रकाश अर्याल, कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियार, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनाल सहभागी हुनुहुन्छ ।

त्यसैगरी छलफलमा नेपाली कांग्रेसबाट गगनकुमार थापा र प्रकाशशरण महत, नेकपा (एमाले)बाट शङ्कर पोखरेल र प्रदीपकुमार ज्ञवाली, नेकपा (माओवादी केन्द्र)बाट वर्षमान पुन र पम्फा भुसाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट स्वर्णिम वाग्ले र सोविता गौतम, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट राजेन्द्र गुरुङ र मोहन श्रेष्ठ, जनता समाजवादी पार्टी नेपालबाट उपेन्द्र यादव र प्रकाश अधिकारी, नेकपा (एकीकृत समाजवादी)बाट राजेन्द्र पाण्डे र प्रकाश ज्वालालगायत सहभागी हुनुहुन्छ ।

# सरकारले उचित वातावरण बनाए निर्वाचनमा सहभागी हुन्छौं : कावा सभापति खड्का

काठमाडौं, ४ कात्तिक (रासस) ।

नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सरकारले उचित वातावरण बनाए आफ्नो पार्टी निर्वाचनमा सहभागी हुने बताउनुभएको छ ।

सुर्खेतमा मंगलबार आयोजित त्यहाँका पूर्वपार्टी सभापति गोविन्दबहादुर मल्लको १३औं पुण्यतिथिमा आयोजित श्रद्धाञ्जलीसभामा उहाँले चुनावका लागि बन्नुपर्ने सबै वातावरण बने पार्टी चुनावमा जान तयार रहेको बताउनुभएको हो । हालसम्म सरकारले चुनाव गराउने भरपर्दो कामहरू भने नगरेको कावा सभापति खड्काको भनाइ थियो ।

सरकारले चुनाव गराउने हो भने पवित्र उद्देश्यसहित 'जेनजी' ले गरेको प्रदर्शनमा घुसपैठ गरेर लुटिएका हतियारहरू फिर्ता, प्रहरी र सुरक्षा निकायको मनोबल बढाउनुपर्नेमा जोड दिँदै उहाँले चुनावमा भाग लिने दलहरूलाई विश्वासमा लिइ आममतदातामा सुरक्षाको प्रत्याभूति गराउनुपर्ने सुझाव दिनुभयो ।

कावा सभापति खड्काले सरकार चुनावको वातावरण बनाउन छोडेर पार्टीका नेताहरूमाथि पूर्वाग्रही तरिकाले लाञ्छना लगाउने, भ्रम सृजना गर्ने र अन्योललाई बढाउने काममा लागेको आरोप लगाउनुभयो । उहाँको भन्नुभएको छ,"हामी कुनै पनि खालको कानुनी प्रक्रियाबाट हुने छानबिन अनुसन्धानहरुमा खुल्ला छौं, तर सरकारमा रहेका जिम्मेवार व्यक्तिबाट भ्रम सृजना गर्ने, अनेक लाञ्छना लगाउनेलगायतका कार्यहरू भइरहेको छन् । यसतर्फ म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।"

कावा सभापति खड्काले पार्टीको जारी केन्द्रीय कार्यसमिति बैठकले चुनाव, पार्टीको अधिवेशन, वर्तमान परिस्थितिबारे उपयुक्त निर्णय गर्ने उल्लेख गर्नुभयो ।

# 'स्कुटर' दुर्घटनामा दुई जनाको मृत्यु

चितवन, ४ कात्तिक (रासस) ।

चितवनमा सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ । भरतपुर विमानस्थल नजिकै मंगलबार बिहान स्कुटर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा दुई युवाको मृत्यु भएको हो ।

भरतपुर-१० स्थित विमानस्थल नजिकै बाग्र ०६-००३ प ०६९२ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई दुर्घटनामा परेको थियो । उक्त दुर्घटनामा परी स्कुटर चालक भरतपुर-२१ का २५ वर्षीय सन्दीप घिमिरे र स्कुटर पछाडि सवार सोही स्थानका २८ वर्षीय कुशल अर्यालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक गोविन्द पुरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार दुर्घटनामा दुवै जनाको टाउकामा चोट लागेर गम्भीर अवस्थामा उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो ।

# "देशभर उल्लेखनीय मौसम प्रणालीको प्रभाव छैन"

काठमाडौं, ४ कात्तिक (रासस) ।

हाल देशभर कुनै उल्लेखनीय मौसम प्रणालीको प्रभाव रहेको छैन । जल तथा मौसम विभागका अनुसार मंगलबार दिउँसो सबै प्रदेशको पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मुख्यतया मौसम सफा रहनेछ ।

कोशी, कर्णाली प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । विभागका अनुसार मंगलबार राति देशभरको मौसम मुख्यताया सफा रहने छ ।

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।**

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले,

❖सन्तुलित र स्वस्थ खाना खाऔं,

❖शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,

❖मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,

❖प्रशस्त मात्रामा पानी पिउने गरौं,

❖तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
बिज्ञापन बोर्ड

# 'जेनजी' आन्दोलनका घाइतेलाई ४८ लाख भैपरी खर्च निकासा

काठमाडौं, ४ कात्तिक (रासस) ।

सरकारले 'जेनजी' आन्दोलनका क्रममा घाइते भएका व्यक्तिको भैपरी खर्चबापत् रु ४८ लाख ५८ हजार निकासा गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रारम्भिक प्रतिवेदनका आधारमा भैपरी खर्चबापत् प्रत्येक घाइतेलाई रु २० हजारका दरले वितरण गर्न सो रकम पठाइएको हो । पहिलो चरणमा झापा, मोरङ, सुनसरी, काठमाडौं, ललितपुर, कास्की, सुर्खेत, कैलाली र डडेलधुरामा रकम पठाइ सकिएको गृह मन्त्रालयले जनाएको छ ।

प्राविधिक समितिले वर्गीकरण गरेपश्चात् घाइतेको वर्गीकरणका आधारमा उचित राहत रकम व्यवस्था गर्ने गरी तत्कालका लागि भैपरी खर्चबापत् रकम उपलब्ध गराउने निर्णय मन्त्रिपरिषद्ले गत असोज १२ गते गरेको थियो ।

हालसम्म स्वास्थ्य मन्त्रालयले दुई हजार ४२९ जना घाइतेको विवरण गृह मन्त्रालयमा उपलब्ध गराएको छ । गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिहरूको पहिचान एवं सहज र प्रभावकारी उपचारको व्यवस्थाका लागि परिचयपत्र वितरण पनि गरेको छ । गृहले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दुई हजार ८७६ परिचयपत्र पठाएको छ । ३८ वटा परिचयपत्र अस्पतालबाट वितरण गरिएको छ ।

घाइते व्यक्तिको पुनः उपचारका लागि अस्पतालहरू तोकी ती अस्पतालमा जेन-जी क्लिनिक सञ्चालनमा ल्याइएको छ । यसरी पुनः उपचारमा जाने घाइतेलाई निःशुल्क आवतजावतको व्यवस्था मिलाइएको गृह मन्त्रालयले जनाएको छ ।

घाइतेको उपचारकै लागि स्वास्थ्य मन्त्रालयले 'हटलाइन'को व्यवस्था मिलाउनुका साथै सहजीकरणका लागि सम्पर्क व्यक्तिसमेत तोकिदिएको छ । घाइतेको अवस्थाका आधारमा वर्गीकरण गरी स्वास्थ्य मन्त्रालयमा प्राविधिक समिति गठन गरिँदै छ । यस समितिमा घाइतेका प्रतिनिधि पनि सामेल हुनेछन् ।

सरकारले जेनजी आन्दोलनका घाइतेको निःशुल्क उपचार गरिरहेको छ । अहिलेसम्म रु एक अर्बभन्दा बढी रकम घाइतेको उपचारमा खर्च भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले गत बिहीबार स्वास्थ्य मन्त्रालयका सचिव विकास देवकोटासहितको टोलीलाई बोलाएर घाइतेहरूको अवस्थाबारे जानकारी लिँदै उपचारमा कुनै कमी हुन नदिन निर्देशन दिनुभएको थियो ।

मन्त्रिपरिषद्को गत भदौ ३० गते बसेको बैठकले आन्दोलनका क्रममा घाइते भएका व्यक्तिको निःशुल्क उपचार गर्ने निर्णय गरेको थियो । घाइतेलाई दीर्घकालीन पुनर्स्थापनाका विषयमा पनि सरकारी निकायबीच छलफल भइरहेको गृहमन्त्री ओमप्रकाश अर्यालले बताउनुभयो ।

**मृतक ५३ परिवारलाई पठाइयो राहत**

गृह मन्त्रालयले जेनजी आन्दोलनका क्रममा मृत्यु भएका ५३ परिवारलाई १५ लाख रुपैयाँका दरले आर्थिक सहायता तथा किरिया खर्च पठाएको छ । तीमध्ये ४९ जनाका परिवारले प्राप्त गरिसकेको र चार जनाका परिवारलाई बुझाउने प्रक्रिया अघि बढेको छ ।

*बाँकी तीन पृष्ठमा*


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

**MBBS, MD Paediatrics (USC)**

**NMC Reg. No. : 11389**

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

**MBBS, MS Orthopaedics (BPKIHS) Dharan**
**Fellowship in Hand Surgery (CMC Vellore)**

**NMC Reg. No. : 13288**

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

**M.B.B.S. MD (Obstetrician and Gynaecologist)**

**हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज**

**NMC Reg No. : 15312**

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज**

**Mo. No : 9842830252, 9804605569**


# तिहार र भैलो, सामाजिक रूपान्तरणको खोजी

**डा दीपेन्द्र रोकाया**

काठमाडौं, ४ कात्तिक (रासस) ।

नेपाल विविध संस्कृति, परम्परा र धर्मावलम्बीहरूले भरिएको हुजातीय, बहुभाषिक र बहुधार्मिक राष्ट्र हो । यस्ता विविधताबीच चाडपर्वले राष्ट्रिय एकता, सामाजिक सद्भाव र सांस्कृतिक पहिचानलाई गहिरो बनाउने काम गर्दै आएका छन् । तिनै चाडपर्वहरूमध्ये तिहार नेपाली समाजमा अत्यन्त लोकप्रिय, रङ्गीन र अर्थपूर्ण पर्व हो । यस पर्वलाई दीपावली, यमपञ्चक वा भाइटीकाको नामले पनि चिनिन्छ । तिहार केवल धार्मिक पर्व मात्र मानिएको छैन, उज्यालो, माया, सम्मान, सह-अस्तित्व र सामाजिक चेतनाको प्रतीक हो । पाँच दिनसम्म चल्ने यस पर्वमा प्रकृति, जनावर, श्रम, परिवार र समाजसँगको सम्बन्धलाई विशेष आदरका साथ स्मरण गरिन्छ । यहाँ तिहारको ऐतिहासिक पृष्ठभूमि, सांस्कृतिक महत्व, आधुनिक परिवेश र समसामयिक राजनीतिक सन्दर्भमा यसको सान्दर्भिकता विश्लेषण गरिएको छ ।

तिहार पर्वको उत्पत्ति र सांस्कृतिक अर्थ। तिहारको उत्पत्तिसँग यमराज र यमुनाको कथा सुन्न पाइन्छ । हिन्दू धर्मग्रन्थ अनुसार यमुनाले आफ्ना दाजु यमराजलाई सात रङको टीका लगाएर दीर्घायुको कामना गरेकी थिइन् । त्यसै दिनलाई शुभ मान्दै हरेक वर्ष दिदी-बहिनीहरूले आफ्ना दाजु-भाइलाई टीका लगाउने परम्परा बस्यो, जसलाई यमपञ्चक भनिन्छ । यस पर्वका पाँच दिन काग तिहार, कुकुर तिहार, गाई तिहार तथा लक्ष्मी पूजा, गोरु पूजा तथा म्हपूजा र भाइटीकाले सामाजिक र सांस्कृतिक जीवनका विभिन्न पक्ष उजागर गर्छन् ।

कागलाई सन्देश वाहक, कुकुरलाई निष्ठा र सुरक्षा, गाईलाई लक्ष्मीको प्रतीक, गोरुलाई श्रम र उत्पादनको आधार र दिदी-बहिनीलाई माया र पारिवारिक सम्बन्धको प्रतीकका रूपमा मानिन्छ । यसरी तिहारले मानव, जनावर, प्रकृति र परिवारबीचको सह-अस्तित्वलाई अभिव्यक्त गर्छ ।

नेपालमा तिहारलाई सामुदायिक उत्सवका रूपमा मनाइन्छ । घर सफा गर्ने, माटोका दियोमा बत्ती बाल्ने, रङ्गोली कोर्ने, देउसी-भैलो गाउने, गोरु पूजा गर्ने र भाइटीका लगाउने चलन छ । गाउँका बुढापाकादेखि बालबालिकासम्म सहभागी हुने यो पर्वले समुदायभित्रको आत्मीयता र सहयोगलाई बलियो पार्दछ । देउसी-भैलोले सामाजिक सम्बन्ध सुदृढ पार्दै तिहारलाई एक सामूहिक चेतनाको पर्व बनाएको छ । देउसी भैलोको पृष्ठभूमि पनि रोचक छ । सवा लाख पर्वतको खसराज्य भाइ भाग लाग्दै सिमित हुँदै गएपछि बलिराजलाई जुम्ला राज्य चलाउन गाह्रो हुन थालेको थियो । राज्यविशेक भएकै वर्ष उनले कैलाश मानसरोवरमा गएर शिवजीसँग धन सम्पतिको वर मागेका थिए । त्यसैबेला मानसरोवर छेउमा भेटिएका थपाल्या व्यासी समुदायको भग्रीवाल गोठालाले दिएको सल्लाहअनुसार बलिराजको फौजले ताक्लाकोटदेखि हुम्ला, मुगु हुँदै जुम्लासम्म माग्दै आउँदा धेरै धन बटुलेका थिए ।

यसैले कहाँको भैलोले के दियो भनेर कथानक कहानी पनि पुकारिन्छ । यसैगरी हिउँदमा बलिराजले काठमाडौँ पशुपतिनाथ जाने क्रममा दाङ, पाल्पा हुँदै काठमाडौँ पुग्दा त्यही प्रक्रिया अपनाएका थिए । माग्नेले माग्छन्, दिनेले आनाकानी गरे 'हामी त्यसै आएका होइनौं, बली राजाले पठाएका' भनी दिन्छन् । खस देशका राजाले नै पठाएका हुन् भने भैगो त लेउ भनेर दिएको सम्पतिले राज्य चलाउने वार्षिक आधार बनेकोले भैलो संस्कृति निर्माण भएको थियो ।

आधुनिक परिवेशमा तिहार समय र प्रविधिसँगै तिहारको स्वरूपमा परिवर्तन आएको छ । दियाको स्थानमा बिजुलीले लिएको छ । रङ्गीन बत्ती प्रचलित भएका छन् । घरमै बनाइने परिकारहरूको सट्टामा बजारका मिठाई र चकलेटहरू प्रयोग हुन थालेको छ । देउसी-भैलो व्यापक बन्दै गएको छ । कतिपय ठाउँमा त यो व्यावसायिक बनेको देखिन्छ । तर, यस आधुनिकताबीच पनि तिहारको मूल भावना मेटिएको छैन । बरु वातावरणीय चेतना र मौलिक परम्परालाई पुनर्जीवित गर्ने प्रयासहरू देखिन थालेका छन् । प्लास्टिकका सजावट घटाउने, परम्परागत दिया बत्ती प्रयोग गर्ने, ध्वनि प्रदूषण नियन्त्रण गर्ने जस्ता प्रयासहरूले तिहारलाई आधुनिकताको बीचमा पनि मौलिक बचाइ राखेका छन् ।

तिहारको विशेषता प्रकृति र मानवीय सम्बन्धप्रतिको कृतज्ञतामा निहित छ । कुकुर र कागलाई पूजा गर्नु भनेको जनावरप्रतिको माया र सहअस्तित्वलाई स्वीकार गर्नु हो । गाई र गोरुलाई पूजा गर्नु श्रम, उत्पादन र कृषिप्रति कृतज्ञता प्रकट गर्नु हो । भाइटीका त दाजु-बहिनीबीचको निस्वार्थ माया, आदर र सामाजिक एकताको सर्वोच्च प्रतीक हो । यस पर्वले हामीलाई आत्म-आदर (म्हपूजा), श्रमको सम्मान (गोरु पूजा), समृद्धिको कामना (गाई पूजा) र पारिवारिक सम्बन्ध (भाइटीका) को महत्व सम्झाइरहेको देखिन्छ ।

समकालीन राजनीतिक सन्दर्भमा तिहार तिहारको उज्यालो केवल घरभित्र सीमित छैन; यसले समाजका अन्धकारलाई हटाउने प्रतीकात्मक सन्देश दिन्छ । आज नेपाल सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । लामो समयदेखि राजनीतिक अस्थिरता, भ्रष्टाचार, नातावाद, कृपावाद र असमानताले समाजलाई कमजोर बनाइरहेको छ । माओवादी जनयुद्धले राजनीतिक रूपान्तरणको बाटो खोले पनि वास्तविक परिवर्तन अझै अपूरो छ । यस्तो बेला तिहारले चेतनाको उज्यालो बालेर नयाँ बाटो देखाउने अवसर दिन सक्छ । विश्वव्यापी जेन्जी आन्दोलनले जस्तै नेपालमा पनि नयाँ पुस्ताले प्रश्न गरिरहेको छ, परिवर्तन केवल नारामा होइन, व्यवहारमा कहिले हुन्छ ? अब समय आएको छ- संविधान संशोधन गरी जनताको अपेक्षाअनुसार पुनःपरिभाषित गर्ने, राजनीतिक स्थायित्व स्थापना गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने र समाजलाई समाजवादतर्फ रूपान्तरण गर्ने । तिहारमा हामीले दिने सन्देश के हो भने अन्धकार हटाउन उज्यालो बाल्नुपर्छ ।

राष्ट्र निर्माण र सामाजिक रूपान्तरण सबै नागरिकको सामूहिक जिम्मेवारी हो । जब हामी काग, कुकुर, गाई, गोरु र परिवारलाई सम्मान गर्छौं, त्यही क्षण हामी सह-अस्तित्व, श्रम र प्रेमको मूल्य अभ्यास गरिरहेका हुन्छौं । यही मूल्य नै सामाजिक रूपान्तरणको आधार हो । समय र प्रविधिसँगै यसको स्वरूप बदलिँदै गए पनि यसको गहिरो सांस्कृतिक मूल्य अविचलित छ । अहिलेको राजनीतिक र सामाजिक सन्दर्भमा तिहारमा हामीले स्पष्ट सन्देश दिनुपर्छ- जेन्जी साथीहरू, परिवर्तन सुनिश्चित गर्ने बेला आएको छ । जेन्जी उमेर समुह हो । यस उमेर समूहले सबै दल, संघ-संस्था र समाजमा हित समूहको रूपमा काम गर्न सक्नु पर्दछ ।

देश राजनैतिक रूपमा सङ्कटमा छ । असाधारण परिस्थिति सिर्जना भएको छ । सरकारले निर्वाचनको मिति घोषणा गरिसकेको छ । तर नेकपा (एमाले)ले संसद् पुनर्स्थापनाको मुद्दा उठाएर बसेको छ । नेपाली काँग्रेसले निर्वाचन गर्नुपर्छ तर निर्वाचनको वातावरण बनेको छैन भनेर बीचको बाटो अपनाएको छ । नेकपा (माओवादी केन्द्र)ले भने स्पष्ट रूपमा निर्वाचन नै अहिलेको निकास हो भनेर अपिल गरेको अवस्था छ । अरु साना दलहरू ठूला दल र सरकारको बाटो हेरेर बोलिरहेका छन् । आम नागरिकले अग्रगामी कदम छनोट गर्ने बेला यथास्थिति लम्ब्याउने र प्रतिगामी खेल खेल्ने समय दिन लगाउनेहरूबाट सचेत हुनु पर्दछ । यसका लागि मिडिया र नागरिक समाजले सक्रियता देखाउन आवश्यक छ ।

अब संविधान संशोधन, राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, नातावाद र कृपावादको अन्त्य गर्दै समाजलाई समाजवादतर्फ अगाडि लैजान नागरिक चेतना र जिम्मेवारी लिने बेला आएको छ । यसैले तिहारलाई केवल पर्वका रूपमा मात्र होइन, राष्ट्र निर्माण र रूपान्तरणको प्रेरणाका रूपमा मनाउनुपर्ने आवश्यकता आज झन् तीव्र भएको छ । उज्यालो दियोले जसरी अन्धकार हटाउँछ, त्यस्तै सामाजिक चेतनाले मात्र मुलुकको अन्धकार हटाउनसक्छ । यही अर्थमा विश्वभरका नेपालीजनमा तिहारको हार्दिक शुभकामना !

# विगतको सिकाइ र भोगाइबाट यसवर्षको विपद्‌मा मिलेको सफलता

काठमाडौं, ४ कात्तिक (रासस) ।

पूर्वानुमान, सूचना प्रवाह र बुझाइमा एकरुपता कायम गर्न सकेको अवस्थामा प्राकृतिक विपद्बाट हुने जनधनको क्षति न्यूनीकरणमा ठूलो उपलब्धि हासिल गर्न सकिन्छ भन्ने पुष्टयाइँ यसवर्षको मनुसन पूर्वयोजना र प्रतिकार्यको तयारीबाट स्पष्ट भएको छ ।

विपद्को अवस्थामा सरोकारवालाबीच समन्वय, सहयोग र सहकार्य प्रभावकारी हुँदा विगतका तुलनामा यसवर्ष विपद्बाट हुने क्षति न्यूनीकरणमा सफलता मिलेको नेपाली सेनाले जनाएको छ । विपद्को स्वरुप र अघिल्लो वर्षको विपद् व्यवस्थापनको अनुभवका आधारमा तयार गरिएको मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाको कार्यान्वयनबाट क्षति न्यूनीकरण गर्न सकिएको सेनाको विपद् व्यवस्थापन निर्देशन विष्णुकुमार खड्का बताउनुहुन्छ ।

"नेपाल हरेक प्रकारका प्राकृतिक प्रकोपका हिसाबले जोखिममा छ, मनसुन पूर्वतयारी र प्रतिकार्य योजना, विगतको सिकाइ र भोगाइसँगै तीन तहका सरकारबीच भएको समन्वयले यसवर्ष जनधनको क्षति न्यून गर्न सकिएको हो", उहाँले भन्नुभयो ।

यसवर्षको मनसुनमा बाढी, पहिरोलगायत विभिन्न किसिमका मनसुनजन्य विपद् प्रतिकार्यको लागि १६३ स्थानमा जम्मा चार हजार ७२३ जना फौज खटिइ विपद् व्यवस्थापनमा सहयोग पुऱ्याएको सेनाले जनाएको छ । सेनासँगै अग्रमोर्चामा सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीका साथै तीनै तहका सरकारको सहयोग तथा समन्वयमा यसपटक विपद् व्यवस्थापन गरिएको थियो ।

राजमार्गमा यातायात रोकिएको तथा सार्वजनिक बिदाका कारण पनि क्षति न्यूनीकरणमा सहयोग पुगेको सेनाको ठम्याइँ छ । सेनाले गत असोज १८ र १९ गते परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानका घटनामा १८ जिल्लाबाट एक हजार ८२ जनालाई सकुशल उद्धार गरेको थियो । इलाम र झापामा बाढी तथा पहिरोमा फसेका २३ जनाको सैनिक हवाई साधनमार्फत उद्धार गरिएको थियो ।

कोशी प्रदेश सरकारको अनुरोधमा इलामको माङसेबुङ गाउँपालिकाको गजुरमुखी क्षेत्रमा ७९४ किलो राहत सामग्री ढुवानी गरिएको छ । इलाममा हाल पनि विपद् व्यवस्थापनको कार्य भइरहेको सेनाले जनाएको छ ।

*बाँकी तीन पृष्ठमा*

# मौन पीडामा मानसिक समस्या बढ्दै

जुनु भट्टराई
विराटनगर, ४ कात्तिक (रासस) ।

गत भदौ २३ र २४ मा भएको 'जेनजी' प्रदर्शनले सत्ता परिवर्तनमात्र गरेन आम जनजीवनमा 'अब के हुन्छ' भन्ने प्रभाव छाडयो । प्रदर्शनले गहिरो असर छाडेको छ । चाडपर्वका सम्मुखमा भएका प्रदर्शनले धेरैलाई तनावसमेत दियो । विराटनगरकी गृहिणी मञ्जु साह यस वर्षको दसैँ पर्वभन्दा पनि एक प्रकारको दबाबको अवस्था रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "आम्दानी उस्तै छ, खर्च भने दिनप्रतिदिन बढ्दै छ । दसैं गयो, बच्चा र परिवारका लागि पनि दसैं त मान्नैपर्छ भन्ने सोचले निद्रा नै हरायो, बालबच्चाको वर्ष दिनमा आएको पर्वको खुसी पनि त हराउन दिनुभएन ।"

अभिभावक परिवारको खुसी र समाजको चलनका नाममा अदृश्य मानसिक तनाव र दबाबमा चाडपर्व मनाइरहेका हुन्छन् । कमजोर अर्थतन्त्र, अस्थिर रोजगारी र बढ्दो महँगीले मानिसमा आर्थिक चिन्ता र भविष्यप्रतिको अनिश्चितता मानसिक स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको चिकित्सक बताउँछन । दसैं नसकिँदैको अविरल वर्षा र बाढीपहिरोले पीडामाथि पीडा थपेको छ । हजारौं मानिस विस्थापित भएका छन्, सयौं परिवारले घर, अन्न र सम्पत्ति गुमाएका छन् ।

विराटनगर-दरैयाकी मधु लिम्बूको परिवारलाई यस वर्ष पनि प्राकृतिक विपत्तिले छोडेन । हरेक वर्षजस्तै यस वर्ष पनि उहाँको घरभित्र बाढी पस्यो । दसैंका समयमा आएको विपद्ले पर्वको महसुस गर्न नपाएको अनुभव सुनाउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "घरमा पानी पसेर केही पनि बाँकी रहेन । दसैंको खुसी त परै जाओस्, अहिले त के खाने भन्ने चिन्ता छ । अहिले पनि बादल लाग्दा राति पानी पर्छ कि भन्ने डरले निद्रा नै लाग्दैन, एक प्रकारको डर मनमा भइरहेको हुन्छ के गर्ने ?"

पूर्वाञ्चल विश्वविद्यालयका उपप्राध्यापक तथा मानसिक रोग विभागीय प्रमुख डा प्रभात चालिसे यस्तो अवस्थालाई 'भय मनोविज्ञान' भएको बताउनुहुन्छ । उहाँका अनुसार यसले मानिसलाई लामो समयसम्म अशान्त राख्छ ।

"कतिपय अवस्थामा त विपत्तिपछि बच्नेमा 'सर्भाइभर गिल्ट' पनि हुन्छ । आफू बाँचेर प्रियजन गुमाएको पीडाबोध । यसलाई समयमै सम्बोधन नगरे आत्महत्या वा गहिरो निराशासम्म पुर्‍याउन सक्छ ।"

उपप्राध्यापक डा चालिसे भन्नुहुन्छ, "मानसिक समस्या अझैसम्म पनि मौन पीडाका रूपमै रहेको छ, यस्तो समस्या भोग्ने होइन, खुलेर कुरा गर्ने हो । मानसिक स्वास्थ्यलाई सामान्य स्वास्थ्यकै अंशका रूपमा लिनसक्ने वातावरण बनाउनुपर्छ । मानसिक समस्या कुनै कमजोरी होइन । जस्तै शारीरिक रोग हुन्छ, त्यस्तै मानसिक रोग पनि उपचारयोग्य हुन्छ । तर समस्या चिनेपछि ढिला नगरी विशेषज्ञकहाँ पुग्नु जरुरी हुन्छ ।"

विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा करिब २० प्रतिशत जनसङ्ख्या कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट प्रभावित छन् । तर अझै धेरै मानिस डर, लाज र 'के भन्लान्' भन्ने सोचका कारण उपचार खोज्न मनोपरामर्शदाताकहाँ पुग्न हिच्किचाउने गर्दछन् ।

**मानसिक समस्या बढ्दो**

कोशी अस्पतालको मानसिक रोग विभागमा सेवा लिन आउनुभएका दुहवी, सुनसरीका २८ वर्षीय युवराज शर्माले परामर्श तथा उपचारका लागि आएको बताउनुभयो । उहाँलाई हरेक समय एक अनौठो बोझजस्तो महसुस हुने तर के कारण हो आफूलाई थाहै नहुने समस्या थियो ।

उहाँले भन्नुभयो, "म महिनौंदेखि तनावमा थिएँ तर के को तनाव हो आफैँलाई थाहा नहुने, काममा मन लाग्दैनथ्यो, तर कसैलाई भन्न डर लाग्थ्यो, पागल पो हुनलाग्यो भन्छन् कि भन्ने डर । समस्या बढ्दै गएपछि नजिकको साथीलाई सुनाएँ, उनले यहाँ चिकित्सक देखाउन सहयोग गरे त्यसैले यहाँ आएको हुँ ।"

कोशी अस्पतालका मानसिक रोग विशेषज्ञ डा सचिन नेपालीका अनुसार पछिल्ला समयमा मानसिक रोग विभागमा दैनिक ४०/५० जना मानसिक परामर्शका बिरामी आउने गरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हाले देशमा जेनजी प्रदर्शन, राजनीतिक अस्थिरता र प्राकृतिक विपत्तिले मानिसमा तनाव सृजना गरेको छ । यसले विशेषगरी युवामा 'एडजस्टमेन्ट डिसअर्डर' र 'एन्जाइटी'का लक्षण देखिएका छन् ।"

उहाँका अनुसार बेरोजगारी, ऋणको बोझ र विदेश जाने तयारी रोकिएका युवामा आफूलाई नयाँ परिस्थितिमा मिलाउन नसक्ने समस्या 'एडजस्टमेन्ट डिसअर्डर' बढ्दो छ । यो एक प्रकारको मानसिक समस्या हो, जुन समस्या तनावको कारणले हुने समस्या भनेर बुझ्नुपर्छ । व्यक्तिमा अधिक चिन्ता, निराशाका समस्या छ र दैनिक कामकाज गर्न असहज भइरहेको छ भने मनोपरामर्शदाताको सहयोग लिनुपर्छ ।

'एडजस्टमेन्ट डिसअर्डर' निको हुन यत्ति नै समय लाग्छ भनेर ठ्याक्कै भन्न नसकिने चिकित्सक बताउँछन् । यस्ता लक्षण भएका व्यक्तिलाई ठिक हुन व्यक्तिको सोच्ने तरिका, समयअनुसार परिवर्तन हुनसक्ने क्षमता, व्यक्तिले तनावसँग सामना गर्ने क्षमतामा भर पर्छ । यो समस्या भएका व्यक्तिलाई उचित ध्यान नदिए गम्भीर समस्या निम्त्याउन सक्छ । यस्तो समस्या भएका मानिसलाई घरपरिवारको भावनात्मक सहयोगको निकै खाँचो हुन्छ ।

'एडजस्टमेन्ट डिसअर्डर'जस्तै 'एन्जाइटी' अहिले धेरै मानिसमा देखिएको अर्को समस्या भएको चिकित्सक बताउँछन् । चिकित्सकका अनुसार सामान्यतया बिनाकारण डराउने, आत्तिने, मुटु ढुकढुक हुने, काप्ने, श्वास फेर्न गाह्रो हुने, छिनछिनमै पिसाब लाग्ने समस्या 'एन्जाइटी'को हो ।

सुत्न गाह्रो हुने समस्या देखिएमा 'एन्जाइटी डिसअर्डर' भएको बुझ्नुपर्छ । शारीरिक स्वास्थ्यमा असर पुग्ने, काममा असर हुनेजस्ता लक्षण 'एन्जाइटी'मा देखिने लक्षण हुन् । मानसिक रोग विशेषज्ञ डा नेपाली पछिल्ला घटनाले मानिसको दैनिकीमा असुरक्षा र भय बढाएकाले अस्पतालमा आएका धेरै बिरामी राति निद्रा नलाग्ने, मन आत्तिने, डर लाग्ने र खानामा रुचि नहुने समस्या लिएर आउने गरेको बताउनुहुन्छ ।

उहाँका अनुसार सो विभागमा हाल २० देखि ३० वर्ष उमेर समूहका बिरामी बढी देखिन्छन । त्यसमध्ये महिलाको सङ्ख्या उल्लेखनीय रूपमा बढी छ । उनीहरू घर र बाहिर दुवै जिम्मेवारीको दवाबमा छन्, साथै 'हर्मोनल' असन्तुलनले पनि मानसिक अवस्था प्रभाव पार्ने भएकाले पनि महिलामा धेरै देखिएको हुनसक्ने उहाँ बताउनुहुन्छ ।

मानसिक स्वास्थ्यका चुनौतीमा महिलाको अवस्था अझ जटिल देखिएको छ । डा नेपाली भन्नुहुन्छ, "महिलामाथि घरभित्रका जिम्मेवारी र आर्थिक निर्णयको दबाब दुवै पर्छ । साथै सामाजिक अपेक्षा र हर्मोनल परिवर्तनले पनि उनीहरूको मानसिक सन्तुलनमा असर पार्छ ।"

**अझै मौन पीडामा मानसिक समस्या**

पूर्वाञ्चल विश्वविद्यालयका उपप्राध्यापक डा प्रभात चालिसे मानसिक रोगबारे अझै समाजमा मौन विषय भएका कारण धेरै मानिस चिन्ता, अनिद्रा वा निराशामा भए पनि परिवार वा समाजलाई भन्न डराउने भएकाले समस्या झन् जटिल बन्न पुगेको बताउनुहुन्छ ।

"धेरैजसो मानिस मानसिक रोग विशेषज्ञकहाँ जान डराउँछन्, किनभने उनीहरूलाई औषधि सुरु गरेपछि जीवनभर खानुपर्छ भन्ने भ्रम छ", उहाँ भन्नुहुन्छ, "मानसिक समस्या हुँदैमा औषधि सेवन गर्नैपर्छ भन्ने होइन । धेरैजसो समस्या परामर्श र व्यवहार परिवर्तनबाटै निको हुन्छ ।"

उहाँका अनुसार सामान्यतया छदेखि नौ महिनासम्म औषधि सेवन गर्दा समस्या नियन्त्रणमा आउँछ । औषधि छाड्न सकिन्छ । तर तनावले शरीर, सम्बन्ध वा काममा असर गर्न थालेको छभने चिकित्सकलाई भेट्न ढिला गर्न नहुने उहाँको भनाइ छ ।

**यसरी समाधान गर्न मानसिक समस्या -**

चिकित्सक मानसिक सन्तुलनका लागि 'डिसिप्लिन लाइफ' अत्यावश्यक रहेको औंल्याउँछन् । उहाँहरूका अनुसार समयमै सुत्ने-उठ्ने, बेलुका कम खाने, नियमित व्यायाम गर्ने र प्रशस्त पानी पिउने बानीले मानसिक स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ । त्यस्तै, आफ्ना मनका कुरा विश्वासिलो व्यक्ति, श्रीमान्, श्रीमती वा साथीसँग खुलेर आदानप्रदान गर्ने, 'भेन्टिलेसन' गर्ने अभ्यास गर्न सकिए पनि तनाव घटाउन सकिन्छ ।

अस्थिर राजनीति, प्राकृतिक विपत्ति र आर्थिक अनिश्चितताबीच मानसिक सन्तुलन कायम राख्नु अहिलेको सबैभन्दा ठूलो चुनौती बनेको छ । चिकित्सकको भनाइमा समयमै परामर्श र सहयोग लिएर मानसिक स्वास्थ्यलाई सुरक्षित राख्न सकिन्छ । तनाव र चिन्ता सामान्य मानवीय प्रतिक्रिया हुन् । तर त्यसलाई भित्रै दबाएर राख्नु भने असामान्य हो । तनावका विषयमा खुलेर कुरा गर्ने, सुन्ने र सहयोग खोज्ने बानीले मानसिक स्वास्थ्य सुरक्षित राख्न सकिन्छ ।

## *'जेनजी' आन्दोलनका ...*

सहिदका आफन्तबीच सहमति कायम गरी बाँकी चार जनालाई पनि सहायता उपलब्ध गराउने प्रयास भइरहेको छ ।

गत भदौ ३० कै मन्त्रिपरिषद् बैठकले मृतक नेपाली नागरिकका परिवारलाई रु १० लाख आर्थिक सहायता र पाँच लाख रुपैयाँका दरले काजकिरिया तथा अन्य खर्चका लागि वितरण गर्ने निर्णय गरेको छ । आन्दोलनको मौका छोपी भाग्ने क्रममा मृत्यु भएका कैदीबन्दीलाई भने यो रकम वितरण गरिने छैन ।

जेनजी आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भएको थियो । जसमा नेपाल प्रहरी तीनसहित पहिचान खुलेका नागरिक ५३ जना छन् । १२ जनाको अझै पहिचान खुल्न सकेको छैन । कारागारबाट भाग्न लाग्दा सुरक्षाकर्मीले चलाएको गोली लागी १० जना कैदीको मृत्यु भएको थियो । एक जना विदेशीको पनि ज्यान गएको थियो ।

सहिद घोषणा प्रयोजनका लागि मृतकहरूको पुष्ट्याइँसहितको प्रहरी प्रतिवेदन र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत यकिन विवरण संकलन भइरहेको गृह मन्त्रालयले जनाएको छ ।

जेनजी आन्दोलनमा भएको दमन र क्षतिको जाँचबुझ गर्न सरकारले न्यायिक आयोग गठन गरेको छ । पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको उक्त आयोगले तीव्रताका साथ काम अघि बढाएको जनाएको छ ।

## *विगतको सिकाइ ...*

गत वैशाख १ देखि असोज १९ गतेसम्म बाढी, पहिरो, भारी वर्षा, डुबान, चट्याङलगायत चार हजार ६५ विपद्का घटनामा २८५ जनाको मृत्यु, २७ बेपत्ता र एक हजार ७२ जना घाइते भएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

यसवर्षको मनसुन रसुवा र इलाम बढी प्रभावित भएका थिए । सरकारले इलामलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गरी पुनःस्थापना र पुनःनिर्माणको काम अघि बढाएको छ । इलाममा मात्रै पहिरोमा परी ३८ जनाको मृत्यु भएको थियो । नेपालबाट यसवर्षको मनसुन गत असोज २४ गतेदेखि बाहिरिसकेको छ ।

गतवर्ष २५१ स्थानमा भएको डढेलो तथा २०२ स्थानमा भएको आगलागी नियन्त्रणका लागि १० हजार ६६३ फौज खटिएका थिए । यस्तै महाकाली नदीमा नदीजन्य पदार्थ व्यवस्थापन गरी सम्भावित क्षति न्यूनीकरण गर्न महाकालीको पूर्वतर्फ २५२ मिटर लामो तटबन्ध, पश्चिमतर्फ दुई हजार ६०० मिटर र मध्य भागमा ५२५ मिटर लम्बाइको च्यानल बनाइएको सेनाले जनाएको छ ।

सेनाले स्वदेशमा मात्र नभई म्यानमारमा पुगी गत चैत्रको भूकम्पपछि प्रभावितलाई स्वास्थ्य सेवा प्रदान गरेको थियो । सेनाको टोलीले एक हजार ३५८ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको थियो ।

# विश्व समाचार

## गाजा सम्झौता उल्लङ्घन गरे हमासको 'अन्त्य' हुने ट्रम्पको चेतावनी

वासिङ्टन, ४ कात्तिक (रासस/एएफपी) ।

हमासले इजरायलसँगको गाजा सम्झौता उल्लङ्घन गर्‍यो भने यसलाई यसलाई पूर्ण रूपमा 'अन्त्य' गरिनेछ, तर प्यालेस्टिनी लडाकू समूहलाई युद्धविरामको सम्मान गर्ने मौका दिनेछन् ।

ट्रम्पको टिप्पणीलगत्तै उपराष्ट्रपति जेडी भान्स इजरायल जानुभएको छ।सप्ताहन्तमा भएको हिंसाले युद्धविराम सम्झौतामा प्रश्नचिन्ह खडा गरेपछि उहाँसहित यसपहिले नै इजरायलमा पुगेका दुई शीर्ष अमेरिकी दूतहरू इजरायलमा रहनुभएको हो ।

ह्वाइट हाउसमा अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजलाई स्वागत गर्दै ट्रम्पले भन्नुभयो, "हामीले हमाससँग सम्झौता गरेका छौं उनीहरूले धेरै राम्रो व्यवहार गर्नेछन् अन्यथा उनीहरूले नराम्रो परिस्थितिको सामना गर्नुपर्नेछ ।"

उहाँले भन्नुभयो, "यदि तिनीहरूले सम्झौताको पालना गरेनन् भने अमेरिका त्यहाँ जानेछ र हामी तिनीहरूलाई निर्मूल पारिनेछ । उनीहरूलाई यो थाहा छ ।"

ट्रम्पले करिब दुई साताअघि गाजा सम्झौतामा मध्यस्थता गर्न सहयोग गर्नुभएको थियो । तर इजरायलले हमासलाई मृत बन्धक हस्तान्तरण गर्न ढिलाइ गरी आक्रमण सुरु गरेको आरोप लागेको छ । सम्झौताको बारम्बार उल्लङ्घन गरिएमा सम्झौता भङ्ग हुने जोखिम रहनेछ ।

यद्यपि, हमासका शीर्ष वार्ताकार खलिल अल-हयाले इजिप्टको अल-काहेरा न्यूजसँग भन्नुभयो,"समूह अझै पनि युद्धविराम सम्झौतामा प्रतिबद्ध छ ।"

"हामीलाई शव निकाल्न निकै गाह्रो भइरहेको छ, तर हामी गम्भीर छौं र तिनीहरूलाई निकाल्न कडा मेहनत गरिरहेका छौं," उहाँले मङ्गलबार बिहान प्रसारित टिप्पणीमा भन्नुभयो ।

उहाँले भन्नुभयो, "गाजा सम्झौता कायम रहनेछ, किनकि हामी यो चाहन्छौं र यसको पालना गर्ने हाम्रो दृढ इच्छा छ ।"

ट्रम्पले लडाकू समूहलाई आफ्ना प्रतिद्वन्द्वीहरू र कथित सहयोगीहरूको सार्वजनिक मृत्युदण्ड रोक्न चेतावनी पनि दिनुभएको छ । हमासले ध्वस्त क्षेत्रमा आफ्नो पकड पुनः स्थापित गर्न खोजिरहेको र प्रतिद्वन्द्वीलाई निशाना बनाइरहेको छ ।

यद्यपि ट्रम्पले हमासविरुद्ध अमेरिकी सेना संलग्न नहुने कुरामा जोड दिँदै गाजाको स्थायित्वका लागि अन्तर्राष्ट्रिय सेनामा सामेल हुन सहमत भएका दर्जनौं देशहरूसँग संलग्न हुने र सहयोग गर्ने बताउनुभयो ।

ट्रम्पले भन्नुभयो, "यदि मैले उनीहरूलाई गाजामा प्रवेश गर्न भनें भने इजरायल दुई मिनेटमा भित्र जान्छ ।"

राष्ट्रपति ट्रम्पले भन्नुभयो, "तर अहिले, हामीले त्यसो भनेका छैनौं। हामी समूहलाई मौका दिइरहेका छौं आशा छ हिंसा कम हुँदै जानेछ । तर अहिले, तपाईंलाई थाहा छ, तिनीहरू हिंस्रक मानिसहरू हुन् ।"

"तिनीहरू धेरै उग्र भए, उनीहरूले उनीहरूले गर्न नहुने काम गरेभने हामी गाजामा जान इजरायललाई अनुमति दिनेछौं। त्यसपछिको परिस्थिति धेरै छिटो र धेरै हिंस्रक हुनसक्छ ।"

ट्रम्पले हमास अब निकै कमजोर भएको र खासगरी क्षेत्रीय समर्थक इरानले यस वर्ष अमेरिका र इजरायली आक्रमणपछि आफ्नो पक्षमा कदम चाल्ने सम्भावना नरहेको पनि बताउनुभयो ।

"उनीहरूसँग अब वास्तवमा कसैको समर्थन छैन। तिनीहरू सुध्रिनुपर्दछ र यदि त्यसो गरेनन् भने तिनीहरू निर्मूल हुनेछन्," राष्ट्रपति ट्रम्पले जोड दिनुभयो ।

प्रधानमन्त्रीको कार्यालयका प्रवक्ताका अनुसार ट्रम्पका विशेष दूत स्टिभ विटकोफ र सल्लाहकार ज्वाइँ जारेड कुश्नरले सोमबार नेतान्याहुसँग भेट गरी 'क्षेत्रीय विकास र अपडेट' बारे छलफल गर्नुभएको थियो ।

भान्स र उहाँकी पत्नी विहानै पत्रकारहरूसँग कुनै टिप्पणी नगरी वाशिङगटनबाट इजरायल जानुभएको छ। उहाँहरुले नेतान्याहुसँग पनि भेट गर्ने कार्यक्रम रहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

## युरोपेली संघद्वारा सन् २०२८ सम्म रुसी ग्यास आयात पूर्णरूपमा बन्द गर्ने निर्णय

ब्रसेल्स, ४ कात्तिक (रासस/सिन्ह्वा) ।

युरोपेली संघका सदस्य राष्ट्रहरूले रुसी प्राकृतिक ग्यासको आयातलाई चरणबद्ध रूपमा बन्द गर्ने प्रस्तावमा सहमति जनाएका छन् । यो निर्णय सन् २०२२ मा सुरू गरिएको "रीपावर युरोप" रणनीतिको महत्वपूर्ण अङ्ग हो, जसको उद्देश्य रुसमा हुने इन्धन निर्भरतालाई समाप्त गर्दै वैकल्पिक तथा स्वदेशी ऊर्जातर्फ संक्रमण गर्नु हो ।

यस प्रस्तावअनुसार सन् २०२६ जनवरी १ बाट नयाँ रुसी ग्यास आयातमा पूर्ण प्रतिबन्ध लाग्नेछ। यद्यपि, पहिल्यै भएका सम्झौताहरूलाई केही समयका लागि जारी राख्न अनुमति दिइनेछ । छोटो अवधिका सम्झौता सन् २०२६ जुन १७ सम्म र दीर्घकालीन सम्झौता सन् २०२८ जनवरी १ सम्म मान्य रहनेछन् ।

ऊर्जा क्षेत्रको पारदर्शिता बढाउन, ग्यास आयात गर्ने कम्पनीहरूले ग्यासको स्रोत, सम्झौताहरूको अवधि लगायतका विवरण अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्नेछ ।

यद्यपि, हङ्गेरीका विदेशमन्त्री पिटर सिज्जार्टोले उक्त प्रस्तावको विरोध जनाउँदै यसले युरोपेली मुलुकहरूको ऊर्जा सुरक्षामा गम्भीर संकट निम्त्याउने बताएका छन् । उनले ऊर्जा जस्तो महत्वपूर्ण विषयलाई राजनीतिक एजेन्डामा परिणत गर्नु उचित नहुने स्पष्ट पारेका छन् ।

हाल युरोपेली संघमा रुसबाट करिब १३ प्रतिशत प्राकृतिक ग्यास आयात हुने गरेको छ, जसको वार्षिक मूल्य लगभग १५ अर्ब युरो ( अन्दाजी १७.५ अर्ब अमेरिकी डलर) बराबर छ ।

उक्त प्रस्ताव कानुनी रूपमा लागू हुनु अघि युरोपेली संसदमा छलफल र स्वीकृति आवश्यक पर्नेछ । स्वीकृत भएपछिमात्र यो नियम कार्यान्वयनमा आउनेछ र यसले युरोपेली संघको दीर्घकालीन ऊर्जा नीतिमा एक ऐतिहासिक मोड ल्याउनेछ ।

# आन्तरिक राजस्व कार्यालयबाट तीन महिनामा ७५ करोड राजस्व संकलन

झापा, ४ कात्तिक (रासस)।

आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा रु ७५ करोड २७ लाख ४४ हजार राजस्व सङ्कलन गरेको छ। सङ्कलन भएको उक्त रकम चालु आवको वार्षिक लक्ष्यको १६ दशमलव ९० प्रतिशत हो।

अन्तरिक राजस्व कार्यालयको चालु आवमा चार अर्ब ४५ करोड ५० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको प्रमुख कर अधिकृत गोपालबहादुर थापाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "चालु आवको पहिलो त्रैमासिकमा रु ८७ करोड १० लाख २८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा लक्ष्यको ८६ दशमलव ४२ प्रतिशत राजस्व सङ्कलन भयो।"

आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालु आवको तीन महिनामा आयकरबाट २७ करोड २६ लाख ७५ हजार, मुल्य अभिवृद्धि करबापत रु ३१ करोड नौ लाख २४ हजार अन्तःशुल्कबापत रु १८ करोड ६९ लाख ५२ हजार सङ्कलन गरेको छ। गत आव २०८१/०८२ को पहिलो त्रैमासिकमा रु ६९ करोड २८ लाख ५७ हजार राजस्व सङ्कलन भएको प्रमुख कर अधिकृत थापाले जानकारी दिनुभयो।

कार्यालयले राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न अहिलेको उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै करदातालाई अत्यधिक दबाब नहुनेगरी निरन्तर बजार अनुगमन र निगरानी गर्नुका साथै लाभग्रही केन्द्रित व्यावहारिक कर शिक्षा प्रदान गरिने प्रमुख कर अधिकृत थापाले बताउनुभयो।

# विद्युत् महशुल बक्यौता नतिर्ने ६ कम्पनीको लाइन काटियो

काठमाडौँ, ४ कात्तिक (रासस)।

डेडिकेटेड र ट्रङ्कलाइन प्रयोग गरेर त्यसवापतको विद्युत् महशुल बक्यौता नतिर्ने छ वटा उद्योगको लाइन काटिएको छ।

विद्युत् महशुल बक्यौता नतिर्ने जगदम्बा स्टील, रिलायन्स स्पीनिङ मिल्स, शिवम सिमेन्ट, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट र त्रिवेणी स्पिनिङ मिल्सको विद्युत् लाइन काटिएको नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकालले राससलाई जानकारी दिनुभयो। प्रवक्ता ढकालका अनुसार मंगलबारबार बिहानबाट यी उद्योगहरूको विद्युत् लाइन काटिएको हो।

डेडिकेटेड र ट्रङ्कलाइनको विद्युत् महशुल उठाउने विषय २०७५ सालयता सुल्झिन सकेको छैन। प्राधिकरणका तत्कालिन सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा पहिलोपटक डेडिकेटेड र ट्रङ्कलाइनको महशुल बक्यौताबारे अध्ययन भई २०७५ वैशाख ३१ गते बसेको सञ्चालक समितिमा पेश भएको थियो। त्यसपछि प्राधिकरणले बक्यौता उठाउने प्रयास गर्दै आएको छ।

उद्योगी व्यवसायीहरूले भने आफूहरूले डेडिकेटेड र ट्रङ्कलाइन प्रयोग नै नगरेकाले त्यसको महशुल नतिर्ने बताउँदै आएका छन्। यो विषय विभिन्न अदालत, सङ्घीय संसदको सार्वजनिक लेखा समिति तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्म पुगेको थियो।

पछिल्लो पटक प्राधिकरणले गत असोज १२ गते सार्वजनिक सूचना जारी गर्दै उद्योगलाई २१ दिनभित्र बक्यौता बुझाउन आउन भनेको थियो। किस्ताबन्दीमा बक्यौता तिर्ने सुविधा दिएको प्राधिकरणले सो अवधिसम्ममा बक्यौता तिर्न नआएपछि विद्युत् महशुल सङ्कलन नियमावली २०७८ अनुसार लाइन काटिएको जनाएको छ।

डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनमार्फत् विद्युत् उपभोग गरेवापत २०७२ माघदेखि २०७५ वैशाखसम्मको विद्युत् महशुल बक्यौता रहेका ग्राहकहरूलाई प्रशासकीय पुनरावलोकनका लागि २०८२ जेठ मसान्तभित्र निवेदन दिनसक्ने म्यादन कायम गरि २०८२ वैशाख २६ र वैशाख ३० मा सूचना प्रकाशित भएको थियो। गत असोज १० गते बसेको प्राधिकरणको सञ्चालन समितिले प्रशासकीय पुनरावलोकनसँग सम्बन्धित सम्पूर्ण काम कारबाही बदर गर्ने निर्णय गरेको थियो।

# मुलुकको विद्युत् आपूर्तिबारे जानकारी

काठमाडौँ, ४ कात्तिक (रासस)।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङसहितको टोलीले लक्ष्मीपूजाको दिन विद्युत् माग र आपूर्ति व्यवस्थापनको जानकारी लिएको छ।

सोमबार साँझ अबेर नेपाल विद्युत प्राधिकरणको स्यूचाटारस्थित प्रेषण केन्द्रको नियन्त्रण कक्षको भ्रमण गरी समग्र देशभरको विद्युत् आपूर्तिका बारेमा जानकारी लिई आवश्यक निर्देशन दिनुभएको ऊर्जामन्त्री घिसिङको सचिवालयले जनाएको छ।

विगत वर्षमा झैं यस वर्ष लक्ष्मीपूजाका दिन मुलकभर बिनाअवरोध विद्युत् आपूर्ति गर्न प्राधिकरण सफल भएको छ। प्राधिकरणले लक्ष्मीपूजाको दिन विद्युत् अवरोध हुन नदिन मुलुकभर रहेका वितरण केन्द्र, विद्युत् गृहका प्रमुख र त्यहाँ रहेका प्राविधिक कर्मचारीलाई तयारी अवस्थामा राखेको थियो।

मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।





सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*